जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३१ अंक १०२ २०७८ साल कात्तिक ३० गते मंगलबार (16 Nov. 2021 Tuesday) मूल्य रु. ५/-

२०७८ साल कार्तिक २५ गतेदेखि मंसिर ९ गतेसम्म हुने

**राष्ट्रिय जनगणना २०७८ सफल पारौं ।**

कोही नछुटौं, कोही नदोहरिऔं ।

बसोबास गरेकै ठाँउबाट आफ्नो विवरण लेखाऔं ।

घर घरमा आउने गणकलाई सही र वास्तविक सूचना उपलब्ध गराऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

**Log on : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : सात किसिमका... ३ पृष्ठमा : संवैधानिक व्यवस्थाअनुसार ... ३ पृष्ठमासोमालियामा खाद्य संकट, ३५ लाखभन्दा बढी...

# राजविराज नगर सभापति पदका लागि आधा दर्जन काँग्रेसी नेता दौडमा

**दैनिक समाचारदाता**
**राजविराज, २९ कात्तिक ।**

नेपाली काँग्रेस वडा अधिवेशन सकाएर अब गाउँपालिका, नगरपालिका, क्षेत्र र जिल्ला अधिवेशनको तयारीमा जुटेको छ ।

काँग्रेसको १४ औं महाधिवेशन अन्तर्गत सोमवार सबै वडाको अधिवेशन सकाएर गाँउ, नगर, क्षेत्र र जिल्ला अधिवेशनमा जुटेको हो ।



नेपाली काग्रेस सप्तरीका प्रवक्ता प्रभात कुमार ललनले सोमवार सम्ममा जिल्लाका सबै १ सय ६४ वडाको अधिवेशन सकिएको जानकारी दिएका छन् ।

जिल्ला निर्वाचन समितीका संयोजक डा. रुद्र शर्माले १६ वडा रहेको राजविराज नगरपालिकाको वडा अधिवेशन अन्तर्गत एउटा वडामा निर्वाचन र बाँकि वडामा सर्वसम्मतिबाट बुथ सभापती र अन्य पदाधीकारी तथा क्षेत्रिय प्रतिनीधी निर्वाचित भएको जानकारी दिए ।

राजविराज वडा नं. १ बाट हृदय नारायण झा, २ बाट इन्द्र नारायण देव, ३ बाट दुर्गानन्द चौधरी, ४ बाट श्याम किशोर शर्मा, ५ बाट समिर झा, ६ बाट राजकुमार साह, ७ बाट विशेश्वर साह, ८ बाट मनोज दास, ९ बाट भरत मेहता, १० बाट गजेन्द्र प्रसाद सुनरैत, ११ बाट शंकर यादव, १२ बाट नाथो मण्डल, १३ बाट रंजन यादव, १४ बाट सत्य नारायण

***बाँकी अन्तिम पृष्ठमा***

# ट्याक्टर सैलुनमा छिर्दा एक महिलाको मृत्यु, चार घाइते

**दैनिक समाचारदाता**
**राजविराज, २९ कात्तिक ।**

सप्तरीमा सोमबार एक ट्याक्टर अनियन्त्रित भई कपाल काट्ने सैलुनमा छिर्दा एक महिलाको मृत्यु भएको छ भने चार जना घाइते भएका छन् ।

मृत्यु हुनेमा सडक नगरपालिका ६ चकवा बस्ने ७० वर्षिया अनारदेवी पासवान रहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

सो नगरपालिका ७ कल्याणपुर चोकस्थित पश्चिम बस बसौनी छेउमा पूर्वबाट पश्चिमतर्फ जादै गरेको स.१त. ७०१९ नम्बरको ट्याक्टर अनियन्त्रित भई सैलुनमा छिर्दा पासवानको टाउको र नाकमा गम्भिर चोट लागेपछि उपचारका लागी गजेन्द्र नारायण सिंह अस्पताल राजविराज पठाइएको थियो ।

सोही अस्पतालमा उपचारका क्रममा उनको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायब उपरिक्षक माधवप्रसाद काफ्लेले जानकारी दिएका छन् ।

***बाँकी अन्तिम पृष्ठमा***



## सम्पादकीय

# विकासीय कार्यमा कसैलाई काखापाखा नगरौं

राजविराज नगरपालिका क्षेत्र भित्रका सडकहरु अहिले धमाधम निर्माण गर्ने कार्य भइरहेको छ । विभिन्न सडकहरु वर्षौंदेखी जिर्ण रहेको अवस्थामा नयाँ निर्माण हुने कार्यले तिब्रता पाएको छ । तर, कतिपय सडकहरु पुरानौ मापदण्ड अनुसार यथास्थितिमै निर्माण भइरहेको छ । पुरानो नालालाई मर्मत समेत नगरि सिधै कालोपत्रे गर्ने तयारी भइरहेको छ ।

यता नगरका विभिन्न वडाहरुमा दुई वर्ष अघि सडक निर्माण कार्य सुरु गरे पनि त्यसलाई सम्पन्न गर्नेतर्फ सम्बन्धीत निकायको ध्यान पुग्न सकेको छैन् । तर, सत्तामा रहेका व्यक्तिको घर अगाडीको सडक निर्माण कार्य सुरु भएको छ । निर्माण कार्य सुरु गरेर अधुरै छोडेका सडकहरुको पुनः निर्माण हुन नसकि सत्तामा पुग्ने बित्तिकै घर अगाडीको सडक निर्माण गर्नु कतिको न्यायोचित हो ! यस्ता प्रश्न अहिले सम्पूर्ण नगरवासीहरुको रहेको छ ।

तसर्थ विकासीय कार्य अगाडी बढाउने सकारात्मक विषय हो । यसमा कसैले बिरोध गर्नु हुँदैन् । तर पहुँचवालाको काम पहिले गर्नु भनेको त्यो चाँही असुहाउँदो कार्य हो । यसर्थ नगर क्षेत्र भित्रका सम्पूर्ण अधुरो निर्माण कार्य सम्पर्ण गराउने तर्फ सबैका ध्यानाकृष्ठ हुनु जरुरी छ ।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।

होमियोप्याथिक रिसर्च इन्स्टिच्युट

डा. सुशील मोहन दास

(बी.एच.एम.एस)

सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार

Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

कन्सलटेन्ट बाल रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. रंजना गिरी

Dr. Ranjana Giri

M.B.B.S. MD (Obstetrician and Gynaecologist)

Infertility Specialist (Consultant IVF)

NMC No. : 10635

बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569


# सात किसिमका इ-पासपोर्ट जारी हुँदै

हाल विभिन्न छ किसिमका मेसिन रिडेबल पासपोर्ट (एमआरपीस) जारी गर्दै आएको राहदानी विभागले अब विद्युतीय (इलेक्ट्रिक) पासपोर्ट जारी गर्ने तयारी गरेको छ ।

विभागका निर्देशक शरदराज आरनका अनुसार आगामी मंसिर १ गते परीक्षणका रूपमा इ-पासपोर्ट सार्वजनिक हुनेछ । मंसिर २ गतेदेखि सीमित संख्यामा सर्वसाधारणका लागि यस्तो पासपोर्ट जारी गरिनेछ । मंसिर १५ गतेदेखि भने पूर्ण रूपमा इ-पासपोर्ट जारी गरिने उनले बताए ।

अब जारी गरिने पोलिकाबोनेटसहितको इ-पासपोर्ट हो । यसमा विद्युतीय चिप र एन्टेना जडान गरिएको हुन्छ । चिपमा औंठाछाप, तस्बिर लगायतका व्यक्तिगत विवरण राखिन्छन् । ती विवरणहरू राखेर चिप लक गरिसकेपछि कसैले फेरबदल गर्न नसक्ने हुने भएकाले पनि इ-पासपोर्ट निकै विश्वासिलो हुने निर्देशक आरन बताउँछन् ।

विभागले सात किसिमका इ-पासपोर्ट जारी गर्ने तयारी गरेको छ । हाल कूटनीतिक, विशेष, अस्थायी, सिम्यान्स अभिलेख किताब (सिम्यास रेकर्ड बुक), साधारणअन्तर्गत ३४ र ६६ पृष्ठको गरी ६ किसिमका जारी गर्दै आएकोमा अबदेखि सर्भिस पासपोर्ट थप गरिने निर्देशक आरनले जानकारी दिए ।

यी सात किसिमका राहदानीमध्ये कुन, कस्ता व्यक्तिले पाउँछन् त ?

**कूटनीतिक**

सरकारी वा विशेष कामका लागि विदेश भ्रमणमा जाने पदाधिकारीहरूलाई विभागले कूटनीतिक राहदानी जारी गर्छ । राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, प्रधानन्यायाधीश, प्रतिनिधि तथा राष्ट्रिय सभाका अध्यक्षले यस्तो राहदानी पाउँछन् ।

त्यस्तै उपप्रधानमन्त्री, नेपाल सरकारका राज्यमन्त्री, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष, सर्वोच्च अदालतका न्यायाधीश, संवैधानिक निकायका प्रमुख, न्याय परिषदका सदस्य, महान्यायधिवक्ता, राष्ट्रियसभामा विपक्षी दलका नेता, प्रदेशसभाका सभामुख, मन्त्रीहरू, प्रतिनिधि तथा राष्ट्रियसभा सदस्य, महावाणिज्यदूत, परराष्ट्रमन्त्रालय र मातहतका विभाग तथा कार्यालयमा कार्यरत राजपत्रांकित अधिकृत कर्मचारी लगायतलाई यस्तो राहदानी जारी गरिन्छ ।

नेपाल सरकारका सचिव, नेपाली राजदूत, प्रहरी महानिरीक्षक राष्ट्रिय अनुसन्धान विभागका मुख्य अनुसन्धान निर्देशक, प्रज्ञाप्रतिष्ठानका उपकुलपति, उपमहानगरपालिका प्रमुख, काठमाडौं महानगरपालिकाका उपप्रमुखका लागि यस्तो राहदानी जारी गरिन्छ ।

संवैधानिक निकाय वा सचिवालयको सिफारिससहित कूटनीतिक राहदानी माग गरेमा पूर्वराष्ट्रपति, पूर्व उपराष्ट्रपति, पूर्व अध्यक्ष, पूर्व प्रधानन्यायाधीश, संविधानसभाका अध्यक्ष, व्यवस्थापिका संसदका पूर्व सभामुख तथा पूर्व परराष्ट्रमन्त्रीका लागि विभागले कूटनीतिक राहदानी जारी गर्छ ।

कूटनीतिक राहदानी प्राप्त गर्ने व्यक्तिको कुनै पनि कारण पदबाट अलग भएमा, पदबाट अलग भएर नेपाल फर्किएको एक महिनाभित्र पासपोर्ट विभागमा फिर्ता गर्नुपर्छ ।

**विशेष**

नेपाल सरकार, प्रदेश सरकार वा कुनै सरकारी निकायबाट मनोनयन भई सरकारी काममा विशेष भ्रमणमा जाने पदाधिकारीहरूलाई विभागले विशेष राहदानी जारी गर्छ ।

यस्तो राहदानी नगरपालिका प्रमुख, प्रदेश लोकसेवा आयोगका सदस्य, न्यायसेवा आयोगका सदस्य, प्रदेश योजना आयोगका सदस्य लगायतका लागि जारी गरिन्छ ।

त्यस्तै काठमाडौं महानगरपालिका बाहेकका महानगरपालिकाका उपप्रमुख, जिल्ला समन्वय समितिका उपप्रमुख, नगरपालिकाका उपप्रमुख, नेपाल सरकारका सचिव एंव राजपत्रांकित प्रथम श्रेणी वा सो सरहका अधिकृत, जिल्ला न्यायाधीसका लागि जारी गरिन्छ ।

कूटनीतिक राहदानी पाउने पदाधिकारी बाहेकका निजामती सेवा, नेपाल स्वास्थ्य सेवा, संसद सेवा, नेपाली सेना, नेपाल प्रहरी, शसस्त्र प्रहरी बल, तथा स्थानीय तहका अधिकृतस्तरका कर्मचारी गाउँपालिकाका उपाध्यक्ष लगायतका लागि विशेष राहदानी जारी गरिन्छ ।

राष्ट्र बैंकका डेपुटी गर्भनर, प्रचलित कानुन बमोजिम गठित आयोग, समिति तथा बोर्डका पदाधिकारीहरूका लागि पनि विशेष राहदानी जारी गरिन्छ । सरकारबाट मनोनयन भइ छात्रवृत्तिमा अध्ययन गर्न वा भ्रमण तथा तालिममा सहभागी हुन जाने सरकारी कर्मचारीले समेत यस्तो राहदानी पाउँछन् ।

विशेष राहदानी राहदानी प्राप्त गर्ने व्यक्तिको कुनै पनि कारण पदबाट अलग भएमा, पदबाट अलग भएर नेपाल फर्किएको एक महिनाभित्र राहदानी विभागमा फिर्ता गर्नुपर्छ ।

**सर्भिस**

अहिले नयाँ थप्न लागिएको यो पासपोर्ट विदेशस्थित नियोगमा खट्न जाने राजदूत, स्थायी प्रतिनिधि, महावाणिज्यदूत, वा राजपत्रांकित तहका कर्मचारीका साथ जाने निजी सहयोगी र श्रेणीबिहीन कर्मचारीले पाउँछन् ।

आफ्नो कार्यकाल सकिएपछि त्यस्ता निजी सहयोगी र श्रेणीबिहीन कर्मचारीले यो राहदानी विभागमा फिर्ता गर्नुपर्छ ।

**अस्थायी**

विदेशमा रहेकाको राहदानी बहाल अवधि सकिएमा, हराएमा वा झुत्रो भएर प्रयोग गर्न नसकिने अवस्थामा कूटनीतिक नियोगमार्फत यस्तो अस्थायी राहदानी जारी गरिन्छ । यसका लागि आवश्यक काजगतसहित सम्बन्धित नियोगमा निवेदन दिनुपर्छ । नियोगले नौ महिना बहाल रहने गरी अस्थायी राहदानी जारी गर्छ । यो नयाँ राहदानी जारी भएपछि रद्द गरिन्छ । अवस्था हेरेर यस्तो पासपोर्ट जारी गरिने विभागका निर्देशक शरदराज आरन बताउँछन् ।

**सिम्यान्स अभिलेख किताब ( सिम्यास पासपोर्ट)**

पानीजहाजमा काम गर्न जाने नेपालीलाई विभागले यस्तो किसिमको राहदानी जारी गर्छ । साधारण राहदानीवाहकले पानीजहाजमा काम गर्न जाने प्रयोजनका लागि विभाग वा नियोगमा सिम्यान्स अभिलेख पासपोर्टका लागि आवेदन दिन सक्छन् । आवेदन आएमा तोकिएको शर्तको अधीनमा रही विभागले सिम्यान्स अभिलेख किताब जारी गर्छ । यसको बहाल अवधि निजको सेवाअवधि तथा उमेरलाई विचार गरी बढीमा दस वर्षको हुन्छ ।

**साधारण ९३४ र ६६ पृष्ठ**

विभागले नेपाली नागरिकलाई साधारण राहदानी जारी गर्छ । यो जारी भएको एक वर्षभित्र सम्बन्धित व्यक्तिले लगिसक्नुपर्छ नभएए विभागले रद्द गर्नेछ । पटक-पटक विदेशिनुपर्नेका लागि ६६ पृष्ठको र छोटो अवधिका लागि चाहिनेका लागि ३४ पृष्ठको साधारण राहदानी जारी गरिने निर्देशक आरनले जानकारी दिए ।

**कुन पासपोर्ट कुन रङका**

विभागले हाल कूटनीतिक राहदानी रातो रङमा, विशेषलाई आकाशे नीलो, साधारणलाई हरियो रङमा जारी गर्दै आएको छ ।

अब भने कूटनीतिक राहदानी सिम्रिक रातो, विशेष राहदानी आकाशे नीलो, सर्भिस राहदानी सुन्तले, साधारण राहदानी चकलेटी खैरो र यात्रा अनुमति पत्र कालो, सिम्यान्स अभिलेख किताब स्लेट खैरो, अस्थायी राहदानी चकलेटी खैरो हुने राहदानी नियमावली २०७७ मा उल्लेख छ ।

"कुन पासपोर्टमा कस्तो रङ भनेर हामी मंसिर १ गते परीक्षणका क्रममा विस्तृत जानकारी गराउँछौं," निर्देशक आरनले सेतोपाटीसँग भने ।

# स्टडी ग्रुपले विभिन्न अन्तर्राष्ट्रिय विश्वविद्यालयहरूसँग सहकार्य गर्दै

**दैनिक समाचारदाता**
**काठमाडौं, २९ कात्तिक ।**

अन्तर्राष्ट्रिय विश्वविद्यालय र कलेजहरूमा नेपाली विद्यार्थीहरूको भर्नामा उल्लेख्य वृद्धि भएको देखेर अग्रणी विश्वव्यापी अन्तर्राष्ट्रिय शिक्षा प्रदायक स्टडी ग्रुपले ल्यान्कास्टर युनिभर्सिटी (इङ्गल्याण्ड), टेसाइड युनिभर्सिटी (इङ्ल्यान्ड), युनिभर्सिटी अफ एबरडीन( स्कटल्याण्ड) र डिपाउल युनिभर्सिटी (शिकागो) लगायतका विभिन्न संस्थाहरूसँग साझेदारी गरेको छ ।

यस संघले विदेशमा अध्ययन गर्न जाने नेपाली विद्यार्थीहरुलाई त्यहाँ गुणस्तरीय शिक्षा र कार्य अनुभवमा पहुँच प्रदान गर्न प्रयास गरिरहेको छ । सन् २०२० देखि अन्तर्राष्ट्रिय विश्वविद्यालयहरूमा भर्ना हुने नेपाली विद्यार्थीहरूको संख्या ३६ प्रतिशतले बढेको छ ।

गत वर्षदेखि, ५५% नेपाली विद्यार्थीहरूले उत्तर अमेरिकाको आफ्नो मनपर्ने विश्वविद्यालयहरूमा आवेदन दिएका थिए । त्यसैगरि बेलायतका विश्वविद्यालयहरूमा ४५% र १०%ले अष्ट्रेलियालाई आफ्नो मनपर्ने गन्तव्यको रूपमा रोजेका थिए । यी मध्ये अधिकांश विद्यार्थीहरु नेपालका बाग्मती, गण्डकी र लुम्बिनी क्षेत्रका रहेका छन् ।

उल्लेखनीय साझेदारीको बारेमा टिप्पणी गर्दै, स्टडी ग्रुपका दक्षिण एसियाका क्षेत्रीय निर्देशक श्रीनि बन्दाराले भने, "हामीले यी विश्वविद्यालयहरू लगायत विश्वभरका विश्वविद्यालयहरूसँग साझेदारी गर्छौं जसले नेपाली विद्यार्थीहरूलाई मुख्य व्यावसायिक दक्षताका साथ अध्ययन गर्न र उनीहरूको छनोट गरिएको क्षेत्रमा शैक्षिक प्रवीणता विकास गर्ने प्रयासमा सहयोग पुऱ्याउँछ । हामीले काम गर्ने संस्थाहरूसँग विद्यार्थीको रोजगारीमा केन्द्रित रहेको उच्च गुणस्तरका कार्यक्रमहरू छन् जसले विद्यार्थीहरूलाई सशक्तिकरण गर्ने र उच्च शिक्षा र रोजगारीमा उनीहरूलाई सफल बनाउने उद्देश्यसँग पूर्ण रूपमा प्रतिबद्ध छ जुन स्टडी ग्रुपको मुख्य लक्ष्य पनि हो । हामी सँगै मिलेर यी महत्वाकांक्षी विद्यार्थीहरूलाई डिग्री-लेभलको अध्ययनमा उनीहरुलाई सफलत हुनको लागि तयार गर्नेछौं र २१ औं शताब्दीको कार्यस्थलमा उनीहरुलाई फस्टाउँनेछौं ।"

स्टडी ग्रुपले बेलायत, युरोप, अष्ट्रेलिया, न्यू जिल्याण्ड र उत्तर अमेरिकाका विभिन्न विश्वविद्यालयहरूसँग साझेदारी गरेर २५ वर्ष भन्दा बढीको लागि लगातार मार्केट-लिडिंग पोजिसन स्थापित गरेको छ । यो ग्रुप उच्च शिक्षा र रोजगारीमा विद्यार्थीहरुको सफलता र प्रगतिलाई समर्थन गर्नमा केन्द्रित रहेको छ ।

# संवैधानिक व्यवस्थाअनुसार नागरिकता नपाउँदा समस्या

काठमाडौँ, २९ कात्तिक (रासस)।

संविधानअनुसार नागरिकता पाउनयोग्य नागरिकका लागि समयमै कानूनको तर्जुमा नहुँदा नागरिकताविहीनका परिवारमा पनि समस्या बढ्न थालेको छ।

धनुषा जिल्लास्थित गणेशमान सारनाथ नगरपालिका-३का इन्द्रजित साफी संविधान बनेको एक वर्षमै बनाइसक्नुपर्ने कानून छ वर्षसम्म पनि नबनाइदिँदा आफूजस्ता थुप्रै नागरिकताविहीन बन्नुपरेको बताउनुहुन्छ। महिला, कानून र विकास मञ्चले आज जुम प्रविधिबाट नागरिकता समस्याका विषयमा सञ्चारकर्मीसँग आयोजित छलफल कार्यक्रममा उहाँले अब आन्दोलनमा उत्रनुको विकल्प नभएको गुनासो गर्नुहुन्छ।

पीडित साफीले यस मञ्चले कुरा उठाए पनि उपलब्धि हुन नसकेकाले नागरिकताविहीन राजधानीमा जम्मा भएर विरोध कार्यक्रम आयोजना गर्नुपर्ने बाध्यता आएको बताउनुहुन्छ। नागरिकता नभएकाले इञ्जिनियर पढेर पनि काम पाउन नसकेको उहाँजस्ता अन्य युवाको पनि गुनासो छ। नागरिकता नभएकाले नेपालमा उच्च शिक्षा अध्ययन गर्न नपाई भारतमा पढ्न जाँदा दुईपटक समातिएर थुनिएको र कलेजको प्रमाण पत्र देखाए पछि मात्र छुटेको पीडा साफीसँग छ।

साफीका चार भाइले १२ कक्षासम्मको अध्ययन गरेका छन्। बहिनीले स्नातक अध्ययन गर्दैछिन् तर नागरिकता नभएकैले कसैले पनि सामान्य रोजगारीसमेत पाउन सकेका छैनन्। नागरिकता नपाएकैले बेरोजगारीका कारण परिवारका सबै सदस्य मानसिक तनावमा रहेको साफीको भनाइ छ। उहाँले नागरिकताका लागि सर्वोच्च अदालतमा मुद्दा दायर गरेको दुई वर्ष भयो, पेशीमा मात्र राखेर सुनुवाई नहुँदा परिवार समस्यामा परेको छ। बैंक खाता, व्यवसाय दर्तालगायत कामका लागि पनि नागरिकता चाहिन्छ।

नवलपरासी जिल्लाको सुस्ता गाउँपालिकाका कासिम अन्सारीको समस्या पनि उस्तै छ। नागरिकता नभएकैले पढ्न र काम पाउनसमेत नसकेको दुःखेसो उहाँ पोख्नुहुन्छ। उक्त गाउँपालिकामा नागरिकता नभएका धेरै रहेको उहाँ सुनाउनुहुन्छ। विराटनगर महानगरपालिकाका अजय पोद्दारको नागरिकता बनिसकेको थियो। नागरिकता दिनुअघि कर्मचारीले रु १० हजार मागे। आफ्नो देशको नागरिकता लिन किन पैसा तिर्ने ? भन्ने प्रश्न कर्मचारीसँग गरेकै कारण कागज मिलेन भन्दै उहाँलाई नागरिकता दिन झुलाइएको रहेछ।

नागरिकता नभएकैले आफूले पाएको कामबाट हट्नु परेको पीडा पोद्दार सुनाउनुहुन्छ। नवलपरासीको कावासोती निवासी परिचय खुलाउन नचाहने एक महिलालाई वडा कार्यालयले नागरिकता चाहिने भए विवाह गर भनी सुझाइयो। अहिले नै विवाह गर्न नचाहने उहाँ नागरिकता पाउनकै लागि विवाह गर भन्ने स्थानीय सरकारका प्रतिनिधिप्रति अहिले पनि आक्रोश पोख्नुहुन्छ।

मञ्चका कार्यकारी निर्देशक सविन श्रेष्ठ संविधानअनुसार नागरिक भएकालाई पनि कानूनले रोकेकाले समस्या बढ्दै गएको बताउनुहुन्छ। संविधानको भावनानुसारको कानून पारित गरेर समस्या समाधान गर्न राज्य व्यवस्था तथा सुशासन समितिलाई पटकपटक आग्रह गरिएको पनि उहाँ जानकारी गराउनुहुन्छ।

विसं २०६८ को जनगणना र गृह मन्त्रालयले वार्षिकरुपमा वितरण गर्ने गरेको नागरिकतको प्रतिलिपिको तुलनात्मक रुपमा अध्ययन गर्दा वार्षिक साढे दुई लाखले नागरिकता नपाउने गरेको तथ्याङ्क निस्कने गरेको अधिवक्तासमेत रहनुभएका निर्देशक श्रेष्ठ बताउनुहुन्छ।

मन्त्रालयले तीन लाख ७० हजार जनालाई वार्षिकरुपमा नागरिकता बाँड्ने गरेको छ। प्रत्येक वर्ष १६ वर्ष उमेर पुग्ने साढे छ लाख जनसङ्ख्या देखिन्छ तर संसद्को असफलताले नागरिकताको कानून पारित हुन नसकेको उहाँको भनाइ छ।

# चालक अनुमतिपत्रका लागि आवेदन दिन तीन सातामा चार लाख

काठमाडौँ, २९ कात्तिक (रासस)।

लामो समयसम्म अवरुद्ध रहेको चालक अनुमतिपत्र भर्नेको सङ्ख्या तीन सातामा नै झण्डै चार लाख पुगेको छ।

यातायात व्यवस्था विभागले कात्तिक ८ गतेदेखि आवेदन पुनःखुलाएको थियो। दुई वर्षयता नियमितरुपमा सेवा चालू नभएकाले पनि थोरै समयमा धेरैको आवेदन परेको यातायात व्यवस्था विभागले जनाएको छ। कात्तिकभन्दा पहिलेसम्म झण्डै दुई लाख आवेदन दिएकाको परीक्षा लिन बाँकी रहेकामा अहिले त्यो सङ्ख्या झण्डै छ लाखको हाराहारीमा पुगेको विभागका प्रवक्ता डा लोकनाथ भुसालले बताउनुभयो।

कोभिड सङ्क्रमणका कारण यातायात व्यवस्था कार्यालयलले परीक्षा लिने अवस्था नहुँदा आवेदन स्थगित गरिएको थियो। विभागले आवेदन लिइरहँदा यातायात व्यवस्था कार्यालयले पनि नियमितरुपमा परीक्षा सञ्चालन गरिरहेका छन्। दैनिकरुपमा नयाँ आवेदन दिने बढिरहेको विभागका प्रवक्ता डा भुसालले बताउनुभयो।

कात्तिकको दोस्रो सातादेखि नै आवेदन पुनःखुलाइएको भए पनि बीचमा झण्डै चार दिन अवरुद्ध भएको थियो। एकैपटक धेरै सेवाग्राहीले आवेदन भर्न खोज्दा समस्या आएको प्रवक्ता भुसालले बताउनुभयो।

गत वर्ष पनि विभागले अनलाइन फाराम खुलाउनासाथ भर्न नसकिने समस्या देखिएको थियो। सेवाग्राहीको चापका आधारमा पनि सफ्टवेयरको क्षमता बढाइएकाले अहिले समस्या नआएको विभागले जनाएको छ। उहाँले भन्नुभयो, “अहिले अपडेट गरेपछि फारम बुझाउन सकिएन भन्ने गुनासो छैन।”

विसं २०७६ चैतमा कोभिडका कारण सरकारले बन्दाबन्दी लागू गरेसँगै नयाँ चालक अनुमतिपत्रको परीक्षा रोकिएको थियो। गत वर्ष माघमा सङ्क्रमण कम भएको भन्दै अनलाइन फाराम खुलाइएको भए पनि सङ्क्रमण पुनःबढेपछि स्थगित भएको थियो। दुई वर्षयता नियमितरुपमा परीक्षा हुन नसकेकाले धेरै सेवाग्राही परीक्षामा सहभागी हुन पाइरहेका छैनन्।

## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जंगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने। पोखरीको डिल र साईडमा भएका झारपात हटाउने। आबश्यकता अनुसार मर्मत सम्भार गर्ने।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ाका दरले चारै तिर छर्ने।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने। उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ। कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर)।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिंग ५_६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ाको दरले स्टक गरिन्छ। तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी_१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी_२ | स्टोकिङ्ग डेन्सिटी_३ | स्टोकिङ्ग डेन्सिटी_४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | धाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
मोवाईल नं. ९८५२८२०९३५

## विश्व समाचार

### सोमालियामा खाद्य संकट, ३५ लाखभन्दा बढी मानिस प्रभावित हुने

मोगादिसु, २९ कात्तिक (रासस/सिन्ह्वा)।

सोमालियामा खडेरीका कारण खाद्य सङ्कट परेको छ। यहाँ अहिले पनि नागरिकहरुले खाद्यान्न अभावको समस्या झेलिरहेको र दिन प्रतिदिन यो समस्या बढ्दै गएको देखिएको छ। सोमालियामा रहेको संयुक्त राष्ट्रसङ्घीय मानवीय सहायतासम्बन्धी निकायले खाद्य सङ्कटबारे जानकारी दिएको छ।

मानवीयतासम्बन्धी सहयोगका लागि संयुक्त राष्ट्रसङ्घीय कार्यालय (ओसिएचए) ले सोमालियामा आगामी सन् २०२२ को मे महिनासम्ममा यहाँको खाद्यान्न अभावको समस्या झन् बढ्ने जनाएको छ। समयमा पानी नपरेका कारण देशव्यापी रुपमा सुख्खा पन भएको र जसका कारण अहिले १७ लाखभन्दा बढी मानिस खाद्यान्नको अभावबाट प्रभावित भएका बताइएको छ। साथै सो संस्थाले सन् २०२२ को मे महिनासम्ममा कम्तीमा पनि ३५ लाख मानिसमा खाद्यान्न अभाव देखिने पाइएको जनाएको छ।

खडेरीका कारण नागरिक प्रभावित भएका हुन्। यसै वर्षको अप्रिलदेखि नै यहाँका मानिसले खाद्य सङ्कट व्यहोरिरहेका छन्। आवश्यक मात्रामा पानी नपरेका कारण उब्जनी नभएकोले खाद्यान्न उत्पादन हुन सकेको छैन त्यसैले उनीहरुलाई आवश्यक सहयोग उपलब्ध गराउनुपर्ने जनाइएको छ। सोमालियाको सरकारले यही अप्रिलदेखि नै संयुक्त राष्ट्रसङ्घीय अधिकारीहरुसँग परामर्श गरी खडेरीका कारण खाद्य सङ्कट पर्न गएको घोषणा गरिएको थियो।

सोही कारण संयुक्त राष्ट्रसङ्घीय मानवीय सहायतासम्बन्धी उक्त निकायले सहयोगका लागि विदेशी दातृसंस्था या देशहरुलाई आग्रह पनि गरेको छ। सो निकायले आवश्यक सहयोग गर्न नसक्ने हो भने यहाँको अवस्था गम्भीर हुने पनि बताएको छ।

### अफगानिस्तानको राजधानीमा भएको विष्फोटमा दुई सर्वसाधारण घाइते

काबुल, कात्तिक २९ (रासस-सिन्ह्वा)।

अफगानिस्तानको राजधानी काबुलमा सोमबार तालिवान सुरक्षा बललाई लक्षित गरी भएको बम आक्रमणमा कम्तीमा दुई जना सर्वसाधारण घाइते भएका छन्। पश्चिमी काबुलको पुलिस जिल्ला ५ को कोट-ए-साङ्गी इलाकामा रहेको विवाह हल नजिकै बिहान भीडभाडको समयमा विष्फोट भएको प्रत्यक्षदर्शी मोहम्मद नाबीले सिन्ह्वालाई बताएका छन्।

“विष्फोटको प्रकृति हेर्दा टाँसिने खालको बम आक्रमण थियो जुन तालिवानको गाडी त्यहाँबाट गुडिरहेको समयमा विष्फोट भएको थियो,” उनले भने। उक्त घटनामा गाडीमा सवार कुनै तालिबान सदस्य प्रभावित भए नभएको भने यकिन हुन सकेको छैन। आक्रमणको अहिलेसम्म कुनै समूहले जिम्मेवारी लिएको छैन।

काबुलले अगस्टको मध्यमा तालिबानले देश कब्जा गरेपछि अफगान कार्यवाहक सरकारको विरूद्ध इस्लामिक स्टेट (आईएस) सँग आवद्ध लडाकुहरूले शृङ्खलाबद्ध आतङ्ककारी हमला भोगिरहेको छ। शनिबार पश्चिमी काबुलमा सार्वजनिक मिनिबसमा जोडिएको बम विष्फोट हुँदा एक पत्रकारको मृत्यु हुनुका साथै अन्य चारजना घाइते भएका थिए।

### भारतमा सक्रिय सङ्क्रमितको संख्या २०२० को मार्चपछिकै सबैभन्दा कम

नयाँदिल्ली, २९ कात्तिक (रासस/सिन्ह्वा)।

भारतमा कोरोनाभाइरसबाट सङ्क्रमित भएका सक्रिय सङ्क्रमितको सङ्ख्या धेरै कम देखिएको छ। सरकारी अधिकारीले सोमबार दिएको जानकारीअनुसार भारतमा अहिले सन् २०२० को मार्चपछिकै सबैभन्दा थोरै सक्रिय सङ्क्रमित रहेका छन्।

उनीहरुका अनुसार भारतमा अहिले सङ्क्रमित अवस्थामै रहेकाको कुल सङ्ख्या एक लाख ३४ हजार ९६ रहेका छन्। कुल सङ्क्रमितमध्ये अहिले एक प्रतिशतभन्दा कम मात्रै सक्रिय सङ्क्रमित रहेका छन्, यो सङ्ख्या पछिल्ला ५२३ दिन अर्थात १७ महिना पछिकै सबैभन्दा कम हो,” केन्द्रीय स्वास्थ्य मन्त्रालयको वक्तव्यमा उल्लेख छ।

त्यसैगरी पछिल्लो २४ घण्टामा भारतमा १० हजार २२९ जना नयाँ सङ्क्रमित थपिएको पनि मन्त्रालयले जनाएको छ। यसैसँगै भारतमा कूल सङ्क्रमितको संख्या तीन करोड ४४ लाख ४७ हजार ५३६ पुगेको सो मन्त्रालयले दिएको पछिल्लो जानकारीमा बताइएको छ। गत २४ घण्टामा कोरोनाभाइरस सङ्क्रमणको कारण थप १२५ जनाको मृत्यु भएको छ। यसैसँगै भारतमा कोरोना शुरु भएबाट हालसम्म यसको सङ्क्रमणबाट मृत्यु हुने व्यक्तिको संख्या ४ लाख ६३ हजार ६५५ रहेको बताइएको छ।

भारतमा गत २४ घण्टामा भारतमा ११ हजार ९२६ जना कोरोनाबाट मुक्त भएका यसैसँगै भारतमा कोरोना भाइरस शुरु भएयता हालसम्म कोरोना मुक्त भएकाको संख्या तीन करोड ३८ लाख ४९ कजार ७८५ रहेको छ।

# सप्तरीले धनुषालाई पराजित गर्‍यो



**दैनिक समाचारदाता**
**राजबिराज, २९ कात्ति ।**

रौतहटमा जारी प्रदेश २ स्तरिय वाईवाई यु १९ एकदिवसिय क्रिकेट छनोट प्रतियोगिता अन्तरगत सोमबार सप्तरीले धनुषालाई २६ रनले पराजित गरेको छ ।

रौतहटको राईस मिल खेलमैदानमा टस जितेर सप्तरीले ३७ ओभरमा १० बिकेट गुमाई १ सय २५ रनको योगफल खडा गरेको थियो । जसमा पप्पु यादब २८ रन, अजय यादब १८ अविजित बिवेक यादब १२ रन जोडेका थिए । बलिँगतर्फ धनुषाका रूपेश यादब ३ बिकेट, श्यामन राय २ तथा रोहन यादबर अभिजित १/१ बिकेट हात पारेका थिए ।

प्रतिउत्तरमा धनुषाले २९ ओभर ६ वलमा सबै बिकेट गुमाई ९९ रन मै सिमित भएपछि सप्तरीले २६ रनले जित हात पारेको हो । टिमका लागि धनुषाका मनोज यादब १३ रूपेश यादब १२ र श्यामन यादब १० रन जोडेका थिए । सप्तरीका बिवेक यादबले घातक बलिँग गर्दै ६ ओभरमा २८ रन खर्चे ६ बिकेट लिएका थिए भने नितेश यादब र अजय यादबले समान २/२ बिकेट हात पारे ।

खेलको म्यान अफ दि म्याच सप्तरी टिम राष्ट्रिय खेलाडी बिवेक यादब म्यान अफ दि म्याच घोषित भएको सप्तरी क्रिकेट सँघ सदस्य बिरेन्द्र यादबले जानकारी दिए ।

# हिन्दु धर्म र आस्थाप्रति प्रहार गर्नेलाई कारवाहीको माग



**दैनिक समाचारदाता**
**राजविराज, २९ कात्तिक ।**

विश्व हिन्दु परिषद नेपाल सप्तरीले देशका विभिन्न भागमा हिन्दु र हिन्दुको आस्थामाथी एक समुदायबाट निरन्तर प्रहार भइरहेको भन्दै त्यस्ता गतिबीधीमा संलग्नलाई अविलम्ब पक्राउ गरी कारवाहीको माग गरेको छ ।

परिषदका जिल्ला अध्यक्ष रामकिशुन साहको अगुवाईमा सोमवार प्रमुख जिल्ला अधिकारी जनार्दन गौतमलाई ज्ञापन पत्र बुझाउदै त्यस्तो माग गरिएको हो ।

ज्ञापन पत्रमा केही दिन अघि बाराको कलैया र धनुषाको देवपुरा-रुपैठामा एक समुदायद्वारा हिन्दु धर्मावलम्बी तथा हिन्दु आस्थामाथी प्रहार हुदा त्यस अपराधमा संलग्नलाई हाल सम्म पक्राउ नगरिएको भन्दै कडा आपत्ती र असन्तुष्टी ब्यक्त गरिएको छ ।

ज्ञापन पत्र मार्फत हिन्दु धर्मावलम्बी, हिन्दु धर्म र आस्था प्रति प्रहार गर्नेहरुलाई अविलम्व पक्राउ नगरीए शसक्त आन्दोलनमा उत्रिने र यसबाट उत्पन्न हुने असहज परिस्थितीको सम्पुर्ण जिम्मेवारी स्थानीय प्रशासन नै हुने चेतावनी समेत दिइएको छ ।

# तुलसीको विवाह र हरिबोधनी एकादशी सम्पन्न

**दैनिक समाचारदाता**
**राजविराज, २९ कात्तिक ।**

भगवान विष्णुको प्रतिकको रुपमा मानिने तुलसीको पुजा आराधना र विवाह गरी मनाईने तुलसी विवाह पर्व सोमबार मनाइएको छ ।

प्रत्येक वर्ष झैं यस वर्ष पनि कार्तिक शुक्ल एकादशीका दिन तुलसीको विधी पुर्वक पुजाआजा र विवाह गरिएको छ । तुलसी विवाह संगै विवाह, ब्रतबन्ध जस्ता मांगलिक कार्यको शूरुआत भएको हो । घर आँगनमा रोपेको तुलसीको मठ (चौरा) मा गाईको गोबर, शुद्ध माटोले लिपपोत र चुनरीलगायतका पुजा समाग्रीले सजाएर तुलसी विवाह गरिएको हो ।

हिन्दु धर्मका सबै देवी देवता कार्तिक महिनाभर तुलसीमा वास गर्छन भन्ने धार्मिक विश्वासका साथ यो पर्व मनाईने गरिएको पण्डित रुपकान्त मिश्रको भनाई छ । हरिसयनी एकादशीका दिनमा क्षिरसागरमा सुतेका भगवान विष्णु ब्युँतिने मान्यता भएकाले आजको एकादशीलाई हरिबोधनी एकादशी भन्ने गरिएको पण्डित मिश्र बताउँछन् ।

### *ट्याक्टर सैलुनमा ...*

यस्तै सो दुर्घटनामा जिल्लाको लालपट्टी निवासी ४५ वर्षिय श्याम ठाकुर, ३५ वर्षिय किसुनलाल ठाकुर, राजविराज ९ मलेठ निवासी ३५ वर्षिय रबिन्द्र ठाकुर र स्थानिय ट्याक्टर चालक २३ वर्षिय अर्जुन चौधरी घाइते भएका छन् ।

घाइतेहरुलाई स्थानिय युनिभर्सल अस्पताल र बिराटनगरमा उपचारका लागि पठाइएको प्रहरीले जनाएको छ । यता प्रहरीले घटना बारे अनुसन्धान गरिरहेको जनाएको छ ।

# साइकल खरीदमा अनियमितता भएको छ : अख्तियार प्रमुख

**दैनिक समाचारदाता**
**जनकपुरधाम, २९ कात्तिक ।**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले "मुख्यमन्त्री बेटी पढाऊ, बेटी बचाऊ" अभियान अन्तर्गत वितरणका लागि खरिद गरिएका साइकलमा अनियमितता भएको प्रारम्भिक अनुसन्धानबाट देखिएको बताएको छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग बर्दिबास कार्यालयका प्रमुख कृष्णप्रसाद सापकोटाले साइकल खरिदमा भएको अनियमितताको सम्बन्धमा परेको उजुरीको आधारमा प्रारम्भिक अनुसन्धानका क्रममा अनियमितता भएको देखिएको बताए ।

उनले प्रारम्भिक अनुसन्धानका क्रममा अनियमितता भएको देखिएकाले त्यस चरणलाई सकाएर दोस्रो चरणमा विस्तृत रुपमा अनुसन्धान थालेको जानकारी दिए । सापकोटाले विस्तृत अनुसन्धानमा अनियमितता भएको देखिएमा कर्मचारी तथा पदाधिकारीमाथि भ्रष्टाचारको मुद्दा दायर हुने बताए । विस्तृत अनुसन्धान हुन एक डेढ महिना लाग्ने उनको भनाई थियो ।

सो सम्बन्धमा परेको उजुरीमाथी अख्तियारको टोलीले गत असोज १३ गते मुख्यमन्त्री कार्यालयमा छापा मारि साइकल खरिदको फाइल नियन्त्रणमा लिएर अनुसन्धान थालेको थियो ।

# घरबाट ४३ किलो गाँजा बरामद

**दैनिक समाचारदाता**
**महोत्तरी, २९ कात्तिक ।**

महोत्तरीमा अवैध तरिकाबाट राखिएको लागूऔषध गाँजा एक व्यक्तिको घरबाट प्रहरीले ४३ किलो बरामद गरेको छ ।

जलेश्वर नगरपालिका ७ अंकार टोल बस्ने सागर दासको घरबाट प्रहरीले ४३ किलो ५ सय ग्राम अवैध गाँजा बरामद गरेको हो ।

बिशेश सूचनाको आधारमा आइतबार बेलुका सशस्त्र प्रहरीले खानतलासी गरी १४ किलो ५ सय ग्रामको तीनवटा पोकामा लुकाइराखेको ४३ किलो ५ सय ग्राम गाँजा बरामद गरेको सशस्त्र प्रहरी प्रदेश २ का प्रमुख डिआइजी गणेश ठाडा मगरले जानकारी दिएका छन ।

बरामद गरेको प्रतिबन्धित लागूऔषध गाँजा जिल्ला प्रहरी कार्यालय महोत्तरीलाई जिम्मा लगाएको जनाएको हो ।

### *राजविराज नगर ...*

मण्डल, १५ बाट राम विलास यादव र १६ बाट नरेन्द्र देव बुथ सभापतीमा निर्वाचित भएको उनले जानकारी दिए ।

यता वडा अधिवेशन सकिए लगतै सप्तरी सदरमुकाम राजविराज नगरपालिकाको नगर सभापती पदमा मंगलवार हुने निर्वाचनका लागी ध्रुव देव, प्रभात कुमार ललन, श्याम किशोर शर्मा, सब्बीर आजम, आनन्द झा, अनिल यादव र सतिस चन्द्र झा आकांक्षी देखिएका छन् ।

यता क्रियाशिल सदस्यता विवादका कारण पुर्व निर्धारित मिति भदौ १८ मा यहाँ वडा अधिवेशन हुन सकेको थिएन । विवाद टुगिंएपछि नयाँ मिति तोकेर अधिवेशन धमाधम गर्न थालिएको हो । सप्तरीमा कार्तिक ३० गते गाउँ र नगर, मंसिर ३ गते प्रदेश सभा क्षेत्र, मंसिर ६ गते प्रतिनीधी सभाक्षेत्र र मंसिर १० मा जिल्ला अधिवेशन गर्ने तालिका रहेको छ ।


राष्ट्रिय जनगणना २०७८ किन ?

- सरकारी सेवा सुविधामा पहुँच र गरिबी निवारण कार्यक्रम तर्जुमा गर्न,
- विपद् जोखिमको योजना बनाउन,
- विविधतामा एकता कायम गर्न,
- लैंगिक तथा सामाजिक समावेशीकरणको अवस्थाबारे जान्न,
- वैवाहिक अवस्था पत्ता लगाउन,
- प्रजनन, सुरक्षित गर्भावस्था, शिशु मृत्युदर र मातृ मृत्युदरको अवस्था थाहा पाउन,
- अपांगता भएका व्यक्तिको अवस्था जान्न,

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु → ipay remit, CITY EXPRESS Money Transfer, Best Remit Quick & Easy, Prabhu Money Transfer, IME International Money Express, himal remit हिमालरेमिट, CG Money

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*